आज मिति २०८१/८/०४ गते यस लिम्चुङबुङ गाउँपालिकाको अध्यक्ष श्री मेजर कुमार राई ज्यूको अध्यक्षतामा आ.व. ०८१/०८२ को आठौं कार्यपालिका वैठक बसी तपसिलको उपस्थितिमा उल्लेखित प्रस्तावहरुमाथि छलफल गरी आवश्यक निर्णय गरियो ।

**उपस्थितिहरुः**

| सि.नं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मेजर कुमार राई | अध्यक्ष | |
| २ | श्री पुष्पलाल राई | उपाध्यक्ष | |
| ३ | श्री जनदिप थापा मगर | १ नं वडा अध्यक्ष | |
| ४ | श्री जितेन्द्र राई | २ नं वडा अध्यक्ष | |
| ५ | श्री गुरुमणी कुमाई | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री छत्र बहादुर राई | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री कबिचन्द्र राई | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री अन्जु राई | कार्यपालिका सदस्य | |
| ९ | श्री जमुना कुमारी कार्की | कार्यपालिका सदस्य | |
| १० | श्री पृथी रसाईलि | कार्यपालिका सदस्य | |
| ११ | श्री दुतमाया मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री जयराम राई | कार्यपालिका सदस्य | |
| १३ | श्री गणेश राई | कार्यपालिका सदस्य | |
| १४ | श्री ताराकिरण राई (नि.प्र.प्र.अधिकृत) | सदस्य सचिव | |
| १५ | श्री बिपन राई (कम्प्यूटर अपरेटर) | सचिवालय कर्मचारी | |
| आमन्त्रीतहरु | | | |
| १ | | | |
| २ | | | |

**आठौं कार्यपालिका वैठकको प्रस्तावहरुः**

१. वडा नं ४ बलम्तामा सव-ईन्जिनियर व्यवस्थापन सम्बन्धमा ।
२. फिल्ड सहायकको विज्ञापन सम्बन्धमा ।
३. आर्थिक सहयोग सम्बन्धमा ।
४. स्वास्थ्यचौकी जाँते भवनको थप काम गर्ने सम्बन्धमा ।
५. बालमैत्रि स्थानिय शासन समन्बन्धि गाउँ पालिका संग समन्वय गर्ने सम्बन्धमा ।
६. वाल प्रोफाईल तयार गर्ने सम्बन्धमा ।
७. दश वर्षे शिक्षा योजनाको छलफल तथा सूझाव संकलन सम्बन्धमा ।
८. गरिखाने शिक्षाको अवधारणा छलफल सम्बन्धमा ।
९. गर्भवती तथा प्रसुतीलाई यातायात खर्च बापत १० हजार दिने सम्बन्धमा ।
१०. लेखापाल माग गर्ने सम्बन्धमा ।
११. पत्रपत्रिकाहरुमा सूचना प्रकाशन सम्बन्धमा ।
१२. अध्यायन विदा रद्ब गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकाको वडा नं ४ बलम्ताको सम्पूर्ण योजनाहरु हेर्ने सव-ईन्जिनियर श्री सुरज राईले राजिनामा पेश गरी यस कार्यालय छाडेको कारण निजको स्थानमा वडा नं २ ताम्लिछाको योजनाहरु हेर्दै आएको प्राविधिक अ.स.ईन्जिनियर श्री दिपक खत्रीलाई केहि प्रोत्साहन उपलब्ध गराई वडा नं ४ बलम्ताको योजनाहरु हेर्नको जिम्मेवारि दिने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकाको MIS फिल्ड सहायकको पदमा कर्मचारी रिक्त रहेको हुँदा सो पदमा कर्मचारी करार सेवामा नियुक्ति गर्नको लागी १५ दिनको म्याद राखी विज्ञापन गरी नियुक्ति गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिका वडा नं २ ताम्लिछा स्थायी ठेगना भएको स्वदेश अप प्यारिन्द्र राईले २०८१/६/९ गतेको दिन आत्मा हत्या गरी सो सवलाई पोष्टमार्टम गर्नको लागी गाईघाट लगेको र निजको बाबुको निवेदन अनुसार घरको अवस्था नाजुक रहेको हुँदा गाईघाट सम्म लगेको गाडी भाडा बरारबको रकम विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी गर्नको लागी लेखा शाखालाई अनुरोध गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिका वडा नं ५ जाँतेमा गत आ.व. मा ठेक्का आह्वान गरी निर्माणाधिन अवस्थामा रहेको स्वास्थ्यचौकी भवनको ठेक्का आह्वान गर्ने क्रमम केहि item छुट्न गई VO गर्नु पर्ने भएको हुँदा तपसिलको item हरुको नियमानुसार VO गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

**तपसिलः**

| सि.नं | Item | कैफियत |
|---|---|---|
| १ | Masonry Wall | |
| २ | Compound | |
| ३ | Iron ladder | |

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा वालमैत्री स्थानीय तह घोषणा गर्नको लागी कार्यविधि आवश्यक परेको हुँदा सो सम्बन्धी कार्यविधि तयार गर्नको लागी महिला तथा वालवालिका विकास शाखा प्रमुख श्री शुसिला सुब्बालाई जिम्मेवारी दिने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकाको वडा नं ५ जाँतैलाई आगामी वैशाख १ गते भित्रमा वालमैत्री वडा घोषणा गर्ने तयार गरेको हुँदा सो वडाको वालमैत्री प्रोपाईल तयार गर्नको लागी सोही वडालाई जिम्मेवारी दिने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा दश वर्षे शिक्षा योजना कार्यदलले तयार गरेको मस्यौदा माथि छलफल गरी अन्तिम प्रारुप तयार गर्न लेखन कार्य दललाई जिम्मेवारी दिने भनि सर्व सहमतिका साथ निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकाको शिक्षा क्षेत्रलाई माथि उकास्नको लागी गाउँपालिकाको केन्द्र बाराहामा रहेको श्री महेन्द्र मा.वि. सिर्वानी बाराहा विद्यालयमा स्नातक तहको Hotel Management विषयको लिम्चुङबुङ कलेजको रुपमा स्थापना गरी गरिखाने शिक्षाको रुपमा विकास गर्नको लागी Pilot Project को रुपमा छनौट गरी सुरु गर्ने भनि सर्व सहमतिका साथ निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकामा रहेको गर्भवतीहरुलाई यदि कुनै स्वास्थ्य संस्थाले प्रसुती गराउन नसक्ने भई बाहिर रेफर गर्नु परेमा निजहरुलाई रु, १० हजारको दरले गाडी भाडा उपलब्ध गराउने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

१०. प्रस्ताव नं १० माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकाको हालको लेखापाल सरुवा भई अन्यत्र गई हाल रिक्त रहेको साथै सो पदमा को.ले.नि.का. उदयपुरमा माग गरि सकिएको भएता पनि तहाँबाट उपलब्ध हुन नसक्ने भएको हुँदा म.ले.नि.का मा माग गर्ने भनि सर्व सहमतिका साथ निर्णय गरियो ।

११. प्रस्ताव नं ११ माथि छलफल गर्दा अव उप्रान्त यस लिम्चुङबुङ गाउँपालिकाले पत्र पत्रिकामा सूचना प्रकाशन गर्नु परेमा पत्रपत्रिका प्रकाशकहरुलाई दररेट माग गरी सवैभन्दा कम रकममा जसले प्रकाशन गर्छ उसैलाई दिने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

१२. प्रस्ताव नं १२ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकामा खा.पा.स.टे. सहायक स्तर पाँचौं तहमा कार्यरत कर्मचारी श्री ढक प्रसाद चौधरीले यस कार्यालयमा मिति २०८१/४/२८ गते अध्यायन/असाधारण विदा माग गर्नु भएको हुँदा प्रचलित कानून नियम अनुसार मिति २०८१/८/१ देखि २०८३/८/१ गते सम्मको लागि अध्यायन/असाधारण विदा स्वीकृत दिने भनि गरेको निर्णय अनुसार निजको पुनः अनुरोध अनुसार निजको सो दिने विदा रद्ध गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।